नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

## सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा

केसरमहल ,काठमाडौं

**प.सं.** :- ०८३/८४
**च.नं.** :- सा.नि.प.से.ख./३०६

**मिति** :- वि.सं. २०८३/०६/०१
**ने.स.** :- ११४६ ञँलाथ्व,६ बिहिवार

विषयः सूचना तथा जानकारी सम्बन्धमा ।

श्री सार्वजनिक निकाय,
सबै ।

सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन) पश्चात बोलपत्रदाताहरूले औसत अंकलाई अनुचित प्रभाव पार्न लागत अनुमानभन्दा बढी कबोल अंक सहितको बोलपत्र प्रस्ताव पेश गरेको भन्ने जानकारी यस कार्यालयलाई प्राप्त हुन आएको छ ।

सो सम्बन्धमा, सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन) को दफा २५ को उपदफा (७क) बमोजिम मूल्यांकन गर्दा, ऐ. ऐनको दफा ६२ को उपदफा (२) मा बोलपत्रदाताहरू वा प्रस्तावदाताहरूले खण्ड (च) बमोजिम "बोलपत्रदाताहरू वा प्रस्तावदाताहरूबीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने उदेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नुभन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न हुन" नहुने भन्ने व्यवस्था रहेको र सोही बमोजिम यस कार्यालयले जारी गरेको नमूना बोलपत्र कागजातको Instruction to Bidders को ITB Clause 3. Fraud and Corruption को Sub-clause 3.2 को खण्ड (f) मा समेत उक्त व्यवस्था रहेको छ । साथै, ऐ. ऐनको दफा २६ को उपदफा (६) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरू रद्द हुनेछन् ।" भन्ने व्यवस्था रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ को खण्ड (ख) को प्रयोजनार्थ सबै सार्वजनिक निकायहरूलाई खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा उल्लिखित विषय बमोजिम प्रतिवेदन गर्न यस कार्यालयको मिति २०८३/०६/०१ को (सचिवस्तर) निर्णयानुसार निर्देशन गरिएको छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Adwait Ram Bhandari
adwaitram.bhandari@nepal.gov.np

(अद्वैत राम भण्डारी)
इन्जिनियर